# नमुना सहकारी विकास कार्यक्रम : स्थानीय तह

आव २०७४/७५ देखि साबिकमा सहकारी प्रशिक्षण तथा डिभिजन सहकारी कार्यालयहरू र डिभिजन सहकारी कार्यालयहरूबाट स्थानीय स्तरमा सञ्चालन हुने गरेका सहकारी विकासका कार्यक्रम सञ्चालन नगरी प्रस्तावित बजेट पूरै स्थानीय तह अनुदानमा सारिएको छ । तदनुसार गाउँपालिका र महा/उपमहा/नगरपालिकाहरूले आ-आफ्नो क्षेत्रमा सहकारी विकासतर्फ के-कस्तो कार्यक्रम बनाउने र चलाउने भन्ने रचना गर्नुपर्नेछ । त्यसो त, कार्यक्रम र अन्तर्गतका क्रियाकलापको रूप स्थानीय स्तरमा (१) सहकारी विकासको अवस्था, (२) सम्बोधन गर्नुपर्ने नियमन सरोकार, (३) सहकारी सदस्यहरूको आवश्यकता, (४) जीवस्तरमा प्रभाव पार्ने खालका सहकारी व्यावसायिक सम्भावना र (५) लक्षित संस्थामा ग्रहण क्षमताको आर्जनसमेतमा भर पर्दछ । तैपनि कतिपय क्रियाकलापका साथै कार्यान्वयनका तौरतरिका साझा पनि हुन सक्तछन् । विगतमा हासिल भएको विभागीय सिकाइसमेतको प्रकाशमा त्यस्ता केही क्रियाकलाप, बजेट अनुमान र कार्यान्वयनका विधिका सम्बन्धमा क्रमशः बताइएको छ ।

## क. सहकारी विकास : स्थानीय तहको प्राथमिक कार्य

- संविधानतः एकल अधिकार सूचीको दोस्रो अभिभारा
- स्थानीय सहकारी विकासमा सम्पूर्ण भूमिका स्थानीय तहबाटै खेल्ने दृष्टिकोणबाट कार्यविस्तृतीकरण
- कार्यविस्तृतीकरणकै मर्मअनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था
- केन्द्रबाट स्थानीय स्तरमा सञ्चालन हुने सहकारी कार्यक्रमहरूको पूरै बजेट (आव २०७४।०७५ मा पुगनपुग ३८ करोड) निःसर्त अनुदानमा समावेश गरी हस्तान्तरण
- मानवीय स्रोत विकास, उपयोगी स्रोत सामग्री, समुचित मानदण्डहरू निर्धारणलगायतका स्थानीय तहको सक्षमता विकासमा पक्षहरूमा जोड दिएर संविधानतः प्राप्त कार्यहरूको सफल सम्पादनमा सहयोगी भूमिका खेल्ने केन्द्रको प्रस्ट नीति
- राष्ट्रिय वित्तीय स्रोत परिचालनमा सहकारी सङ्घसंस्थाको झन्डै २० प्रतिशतको योगदान
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) ऐन, २०६४ अन्तर्गत नियमनकारी निकायको दायित्व ।

## ख. सहकारी विकासमा स्थानीय सरकारको भागीदारी (Stake)

- 'विपन्नका लागि गरिदिने' नभएर 'विपन्नले नै गर्ने' विकासको स्व-लक्षित (Self-targeted) ढाँचा
- स्थानीय सरकारका प्राथमिकताका वर्ग (प्राथमिक उत्पादक, वास्तविक श्रमिक र सर्वसाधारण उपभोक्ता) लाई नै सहभागी गराएर प्रत्यक्षतः एवं गुणाङ्कीय रूपमा फाइदा दिने व्यवसाय

- कृषकलाई भाउ, श्रमिकलाई स्व-रोजगारी र उपभोक्तालाई सस्तोमा राम्रो वस्तु वा सेवा सुनिश्चित गरेर स्थानीय उत्पादन, उपभोग र रोजगारीको स्तरमा तीव्र सुधारको उपाय

- दुर्गममा दुर्गम क्षेत्र र विपन्नमा विपन्न वर्गबाट आउने सहकारी जागृतिमा नै स्थानीय तहको सर्वाङ्गीण विकासको गुञ्जायस

- निजी लगानीका लागि आकर्षक फाइदा नदेखिएर वा अन्यथा हालसम्म हुन नसकेको स्थानीय उत्पादन निकासी गरेर पैसा भित्र्याउने काम अब गर्ने एउटै सुगम माध्यम

- वर्तमान शैक्षिक, आर्थिक, सामाजिक स्तर जे-जस्तो भए तापनि जनस्तरमा एकैचोटि व्यापक मात्रामा व्यावसायिकता विकास गराउनुका साथै लैङ्गिक विभेद तथा सामाजिक सीमान्तीकरण दूर गर्ने लोकतान्त्रिक, स्वैच्छिक एवं सशक्त आन्दोलन

- लक्षित कार्यक्रमबाटभन्दा छिट्टै, सस्तै र समस्तै जनतालाई परिवर्तनको अनुभूति मिल्ने जनताकै अभियान ।

## ग. सहकारी विकासमा स्थानीय सरकारको लगानी किन ?

- आंशिक योगदानबाट पूर्ण लगानी

- पटके खर्च पछिसम्मको प्रतिफल

- एकल आयाममा विनियोजन बहुआयाममा प्रभाव

- थोरै प्रशासनिक व्ययभारमा धेरै स्रोत प्रवाह

- वर्तमानको अनुदान भविष्यको राजश्वको स्रोत
- सामाजिक सुरक्षामा व्ययभारको कटौती
- प्रकृति संरक्षणमा सकारात्मक देन ।

## घ. सहकारी विकासमा स्थानीय सरकारको भूमिकाका तीन आयाम




## ङ सहकारी नियमन कार्यक्रम : नमुना कार्यकलाप र साङ्केतिक  वार्षिक बजेट (रु.'000)

- सहकारी तथा गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) स्थापना (रु. ५००)
- प्रत्येक सहकारी संस्थाको कम्तीमा वर्षमा एकपल्ट नियमित अनुगमन (रु. १००)
- नियमित अनुगमनबाट आवश्यक देखिएका संस्थाहरूको सघन अनुगमन (रु. १००)
- सहकारी कानुन तथा दिग्दर्शनबमोजिम संस्थाहरूको स्थानीयकरण, एकीकरण एवं पुनर्गठन प्रशिक्षा (३ x रु. ५० = रु. १५० )

- सम्पत्ति शुद्धीकरण निवारण निर्देशनको कार्यान्वयन अन्तरक्रिया (३ x रु. ५० = रु. १५० )

- निष्क्रिय संस्थाहरूको दर्ता खारेजी तथा विघटन (५ x रु. १५० = रु. ७५० )

- सरोकारवालाहरूसँग अन्तरक्रियालगायत नियामक सरोकारका अन्य कार्यकलाप ( रु. ३०० )

**नियामनतर्फ जम्मा बजेट रु. २०५०**

**च. स्थानीय सहकारी प्रवर्धन कार्यक्रम : नमुना कार्यकलाप र साङ्केतिक वार्षिक बजेट (रु.'000)**

- स्थानीय सहकारी विकास नीति तर्जुमा (रु. ७५०)

- सहकारी उद्‌बोधनमूलक सन्देश उत्पादन तथा प्रसारण (रु. ५००)

- लक्षित समूह (ग्रामीण विपन्न महिला, भूमिहीन कृषक, रोजगारविहीन श्रमिक, इत्यादि) माझ सहकारी प्रवर्धन ( सामाजिक परिचालन, संस्था गठन, बीउपुँजी अनुदानसमेत प्रतिसंस्था रु. १० लाख x ३ = रु. ३००० )

- सहकारी सञ्चय, प्रशोधन, बजारीकरण र रोजगारीमूलक कलकारखानासमेतका स्थानीय सम्भाव्यताका आधारमा आयोजनागत अनुदान (केन्द्र र प्रान्तीय आयोजनाका लागि समकक्षी योगदानसमेत ) (२x रु. २५ लाख = रु. ५०००)

- सहकारी विकासका विषयगत अध्ययन (१ पटक रु. ३०० = रु. ३००)

- निष्क्रिय साझा (सहकारी ) संस्थाहरूको सम्पत्ति संरक्षण एवं पुनर्सञ्चालन अनुदान (रु. २० लाख )

- सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापकहरू माझ चौमासिक अन्तरक्रिया (३x रु. ५०) = रु. १५०)

**प्रवर्धनतर्फ जम्मा बजेट रु. १ करोड १६ लाख**

## छ. स्थानीय सहकारी प्रशिक्षण कार्यक्रम : नमुना कार्यकलाप र साङ्केतिक वार्षिक बजेट

- पूर्व-सहकारी कक्षा, १ दिने, वडास्तर (२०x रु. २५ = रु. ५००)
- अन्तरपालिका रेखाङ्कन भ्रमण (Benchmarking exercise) (१x रु. ७५०)
- सहकारी नेतृत्व तथा व्यवस्थापन विकास कार्यशाला, ५ दिने, पालिकास्तर, (२x रु. ३५० = रु. ७००)
- सहकारी लेखापालन तालिम (७ दिने, पालिकास्तर) (२x रु. ४५० = रु. ९००)
- प्रशिक्षण सामग्री विकास तथा प्रकाशन (रु. ३५०)
- असल अभ्यासको कैरन अध्ययन (Case study) (रु. ५०)
- प्रशिक्षक विकास खर्च ( २ जना x रु.३०० = रु. ६०० )

**प्रशिक्षणतर्फको जम्मा रु. ३८५०)**

## ज. जम्मा वार्षिक कार्यक्रम बजेट

| | रु.'००० | % |
|---|---|---|
| • नियमनतर्फ | २,०५० | १२ |
| • प्रवर्धनतर्फ | ११,६०० | ६६ |
| • प्रशिक्षणतर्फ | ३,८५० | २२ |
| जम्मा | १७,५०० | १०० |